# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

मिति: २०८३/०३/०२

## सूचना सूचना सूचना ।

विषय : घरनक्सा सुपरस्ट्रक्चर (Superstructure) स्वीकृति सम्बन्धी अत्यन्त जरुरी सूचना।

भरतपुर महानगरपालिकाको मिति २०८३/०२/२२ को नगर कार्यपालिकाको बैठकको निर्णयानुसार घरनक्साको अभिलेखीकरण कार्य बन्द भएको ब्यहोरा सर्वविदितै छ।
यस महानगरपालिकामा पेश भई प्रथम चरणको निर्माण स्वीकृति (Plinth Level/DPC सम्म) लिईएको, तर सुपरस्ट्रक्चरको अनुमति नलिई DPC सम्पन्न गरी निर्माण कार्य सुचारु राखिएका भवनहरूको हकमा, उक्त फाइल मिति २०८३/०३/३२ गते (असार मसान्त) भित्र पेश गरी अनिवार्य रूपमा सुपरस्ट्रक्चर स्वीकृति लिनुहुन सम्बन्धित सबैका लागि यो जानकारी गराइन्छ।
तोकिएको म्यादभित्र स्वीकृति नलिएमा, महानगरपालिका उक्त स्वीकृति बेगर निर्माण भएका भवनहरूको नक्सापास दिन बाध्य नहुने र "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" बमोजिम कारबाही अगाडि बढाइने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)